नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ७ गते २०१६ साल

नेपाल लोकसेवा आयोग विज्ञापन नं. १५३

गृहमन्त्रालय अन्तर्गत गोरखापत्र छापाखानालाई दुइजना सहायक सम्पादकहरू चाहिएका छन। योग्य उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी नगद ने.रू. १।५० सहित २०१६ साल वशाख २७ गते रोज १ सम्ममा आइपुग्ने गरी दरखास्त यस आयोगमा पठाउनु वा बुझाउनुपर्छ। बिदाका दिन बाहेक रोज ११ बजेदेखि ३ बजेसम्म दरखास्त बुझिनेछ। योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले दरखास्त पेश गरी २०१६ साल वैशाख ३१ गते रोज ५ मा यस आयोगसंग सम्पर्क राख्नुपर्छ। फी दस्तूर नभएको रम्यादनाघी दाखिल भएका दरखास्त उपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ।

(१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः- सहायक सम्पादक, नन् ग्याजेटेड, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः- आई. ए. वा सो सरह ।

३. वाञ्छनीय योग्यताः- पत्रकारिताको राम्रो ज्ञान र अनुभव समेत भएको नेपाली भाषामा विशेष दक्ष भई चित्रकला वा अर्थ शास्त्रको ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल र भत्ताः- तलब ने. रू. १२०। देखि २४०।
महँगीभत्ता ने. रू १५।

५. अभ्यास अवधिः- ६ महीना ।

६. उमेरः- श्री ५ को सरकारको निजामती पदमा बहाल नरहेका उम्मेदवार-हरू २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

आज्ञाले-
खड्गमान मल्ल
सेक्रेटरी—लोकसेवा आयोग.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानामा मुद्रित ।